प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

कोशी प्रदेश,

विराटनगर, नेपाल।

पत्र संख्याः २०८१।८२

च.नं.

विषयः आयोजना माग गर्ने सम्बन्धी सूचना!!!

प्रदेश योजना आयोग, कोशी प्रदेश, विराटनगरको मिति २०८१।१०।२४ मा प्रकाशित संलग्न सूचना बमोजिम आयोजनाहरू मिति २०८१।११।१० गते भित्र यस मन्त्रालयसँग सम्बन्धित विषय क्षेत्रका आयोजनाहरू तपशिलमा उल्लेख भएअनुसार आवश्यक कागजात सहित प्रदेशस्तरीय आयोजना माग फाराम भरी पेस गर्न हुन सम्बन्धित सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।प्रदेश योजना आयोगको प्रकाशित सूचना र प्रदेशस्तरीय आयोजना माग फाराम यसै साथ संलग्न रहेको छ।

तपशिल

| आयोजना दर्ता गर्ने कार्यालय | आयोजनाको प्रकृति |
|---|---|
| आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश | • कानूनी क्षमता विकास सम्बन्धी<br>• सञ्चार तथा सूचना प्रविधि सम्बन्धी<br>• यातायात व्यवस्थापन सम्बन्धी आयोजना कार्यक्रम |

# सूचना

**विषयः- प्रदेश स्तरीय आयोजना माग गर्ने सम्बन्धमा ।**

**श्री प्रदेश सभा सदस्यज्यूहरु,**
**श्री स्थानीय तह (सबै)/सरोकारवालाहरु,**
**कोशी प्रदेश, नेपाल ।**

प्रस्तुत विषयमा कोशी प्रदेशको मौजुदा आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी मापदण्ड एवम् आयोजना बैङ्क सम्बन्धी कार्यविधिमा प्रदेश सरकारबाट सञ्चालन हुने आयोजनाको पहिचान, छनौट तथा कार्यान्वयन गर्नुपर्दा स्थानीय तह एवं सरोकारवालाहरुबाट आयोजना माग गरी दर्ता गर्ने, माग गरिएका आयोजनाहरु मध्येबाट जिल्ला तथा निर्वाचन क्षेत्रस्तरीय आयोजना छनौट गोष्ठी मार्फत आयोजना छनौट गर्नुपर्ने, छनौट भएका आयोजनालाई आयोजना बैङ्कमा समावेश गर्नुपर्ने र आयोजना बैङ्कमा समावेश भएका आयोजनालाई मात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्ने समेतको व्यवस्था गरिएको छ । उल्लेखित व्यवस्थाको पृष्ठभूमिमा सम्बन्धित स्थानीय तहले प्रदेश सरकारमा आयोजना माग गर्ने भनी सूचीकृत गरेका आयोजनाहरु वा प्रदेश सरकारबाट सञ्चालन गर्नुपर्ने भनी स्थानीय तह वा सरोकारवालाबाट पहिचान भएका आयोजनाहरु तपसिल बमोजिमका सम्बन्धित कार्यालयहरुमा सूचना प्राप्त भएको मितिले १५ दिन भित्र माग गर्नुहुन अनुरोध छ ।

१.प्रदेश सभा सदस्यहरुले संलग्न बमोजिमको फारम भरी सम्बन्धित मन्त्रालयमा माग दर्ता गर्न सक्ने ।
२.स्थानीय तहले संलग्न बमोजिमको फारम भरी सम्बन्धित कार्यालयमा माग दर्ता गर्न सक्ने ।
३.सरोकारवालाले सम्बन्धित स्थानीय तहको सिफारिस राखी संलग्न बमोजिमको फारम भरी सम्बन्धित कार्यालयमा माग दर्ता गर्न सक्ने ।
४.आयोजना माग गर्दा संलग्न बमोजिमको फारम भरी सम्वन्धित कार्यालय/मन्त्रालयको इमेल ठेगानामार्फत समेत आयोजना माग दर्ता गर्न सकिने ।
५.आयोजना संचालन गर्ने सम्वन्धित कार्यालय नभएको जिल्लामा सो कार्यालयको तालुक मन्त्रालय अन्तर्गतको जिल्लाको अर्को कार्यालयमा समेत आयोजना माग दर्ता गर्न सकिने ।
६. प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० को अनुसूची १३ को प्रावधान बमोजिम आयोजना माग गर्नुपर्ने ।
७.प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन,२०७६ को पृष्ठ नं. ७५, विकास कार्यक्रम तथा योजना वर्गीकरणका आधारहरु मापदण्डको १.२ क्षेत्रगत आधार खण्ड बमोजिम आयोजना माग गर्नुपर्ने ।

**तपसिल**

| क्र.सं. | सम्वन्धित मन्त्रालय | सम्बन्धित कार्यालय | आयोजनाको प्रकृति |
|---|---|---|---|
| क | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सुशासन सम्बन्धी आयोजनाहरु |
| ख | भौतिक पुर्वाधार विकास मन्त्रालय | २. पुर्वाधार विकास कार्यालय/निर्देशनालय | सडक तथा पुल सम्बन्धी पूर्वाधारका आयोजना |
| | | ३. शहरी विकास तथा भवन कार्यालय | भवन निर्माण सम्बन्धी आयोजना |
| ग | खानेपानी,सिंचाइ तथा उर्जा मन्त्रालय | १. खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | खानेपानी सम्बन्धी आयोजना |
| | | २. जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय/ भूमिगत जलश्रोत तथा सिचाइ डिभिजन कार्यालय | सिंचाइ सम्बन्धी आयोजना |
| घ | पर्यटन, वन तथा वातावरण मन्त्रालय | १. पर्यटन कार्यालय/ पर्यटन विकास आयोजना कार्यालय | पर्यटन तथा संस्कृति सम्बन्धी आयोजना |
| | | २. डिभिजन वन कार्यालय/भू-तथा जलधार व्यवस्थापन कार्यालय । | वन वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी, तथा जलधार व्यवस्थापन सम्बन्धी आयोजना |
| ङ | सामाजिक विकास मन्त्रालय | १. शिक्षा विकास निर्देशनालय | शिक्षा सम्बन्धी आयोजना/कार्यक्रम |
| | | २. व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | सीप विकास सम्बन्धी कार्यक्रम |
| | | ३.सामाजिक विकास मन्त्रालय | महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी,लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी,युवा तथा खेलकुद सम्बन्धी,भाषा कला साहित्य तथा संस्कृति सम्बन्धी,युवा तथा खेलकुद सम्ब्न्धी, श्रम तथा रोजगार सम्बन्धी,अपाङ्गता, समाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी |
| च | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १. घरेलु तथा साना उद्योग कार्यालय | घरेलु तथा साना उद्योग सम्बन्धी कार्यक्रम |
| | | २. प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, | सहकारी सम्बन्धी कार्यक्रम |

| क्र.सं. | सम्वन्धित मन्त्रालय | सम्बन्धित कार्यालय | आयोजनाको प्रकृति |
|---|---|---|---|
| | | ३. कृषि विकास निर्देशनालय/ कृषि ज्ञान केन्द्र | कृषि विकास सम्बन्धी आयोजना/कार्यक्रम |
| | | ४. भेटेनरी अस्पताल तथा विज्ञ केन्द्र/ पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय | पशुपंक्षी सम्बन्धी कार्यक्रम |
| छ | स्वास्थ्य मन्त्रालय | १. जिल्ला स्वास्थ्य कार्यालय/स्वास्थ्य निर्देशनालय | स्वास्थ्य सम्बन्धी आयोजना/ कार्यक्रम |
| ज | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १. आन्तरिक मामिला तथा कानुन मन्त्रालय<br>२. यातायात व्यवस्था कार्यालय | कानुनी क्षमता विकास/ सञ्चार तथा सूचना प्रविधि सम्बन्धी/यातायात व्यवस्थापन सम्बन्धी आयोजना/ कार्यक्रम |

<u>बोधार्थ</u>

**श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,**
**श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय,**
**श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,**
**श्री खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय,**
**श्री पर्यटन वन तथा वातावरण मन्त्रालय,**
**श्री सामाजिक विकास मन्त्रालय,**

} आफ्नो मन्त्रालय तथा मातहतका सम्बन्धित कार्यालयमा आयोजना माग दर्ता हुने आवश्यक व्यवस्था मिलाउनुहुन ।

**श्री उद्योग कृषि तथा सहकारी मन्त्रालय,**
**श्री स्वास्थ्य मन्त्रालय,**
**कोशी प्रदेश विराटनगर ।**

## <u>प्रदेशस्तरीय आयोजना माग फारम</u>

मितिः-

श्री.................................................कार्यालय/निर्देशनालय/मन्त्रालय,
...............................

<u>विषयः- प्रदेशस्तरीय आयोजना माग गरिएको बारेमा।</u>

१. प्रस्तावित आयोजनाको नामः-

२. आयोजना स्थल/ठेगानाः-

३. आवश्यक बजेट/अनुमानित लागतः-

४. आयोजनाको परिमाणात्मक लक्ष्य-
(क) खानेपानीको हकमा लाभान्वित घरधुरी/जनसंख्याः-
(ख) सिंचाईको हकमा प्रभावित क्षेत्रफलः-
(ग) सडक तथा अन्यमा लम्बाई (कि.मि.)-
(घ) माथिको भन्दा फरक भए इकाई र परिमाण खुलाउनेः-

५. आयोजनाको प्रकृतिः- (नयाँ/क्रमागत/मर्मतसम्भार वा अन्य केही भए खुलाउने)

६. सम्भाव्यता अध्ययन/ विस्तृत अध्ययन/ वातावरणीय अध्ययन भए/नभएकोः-

७. आयोजनालाई आवश्यक पर्ने जग्गा उपलब्ध भए/नभएकोः-

आयोजना वन क्षेत्रमा पर्ने/नपर्नेः-

८. निर्माण गर्नुपर्ने मुख्य संरचनाहरुको विवरणः-
(क)
(ख)

९. विविध विषय/अन्य केही भएः-

छाप/दस्तखतः-

माग गर्ने स्थानीय तह/संस्था/व्यक्तिको

# प्रदेशस्तरीय आयोजना माग फारम

मितिः -

श्री,मन्त्रालय/निर्देशनालय/कार्यालय...............................................
..............................

विषयःप्रदेशस्तरीय आयोजना माग गरिएको बारेमा। -

१. प्रस्तावित आयोजनाको नामः-

२. आयोजना स्थल -ठेगानाः/

३. आवश्यक बजेट -अनुमानित लागतः/

४. आयोजनाको परिमाणात्मक लक्ष्य -
-जनसंख्याः/खानेपानीको हकमा लाभान्वित घरधुरी (क)
-सिंचाईको हकमा प्रभावित क्षेत्रफलः (ख)
-(.मि.कि) सडक तथा अन्यमा लम्बाई (ग)
माथिको भन्दा फरक भए इकाई र परिमाण (घ)खुलाउनेः-

५. आयोजनाको प्रकृतिः(मर्मतसम्भार वा अन्य केही भए खुलाउने/क्रमागत/नयाँ) -

६. सम्भाव्यता अध्ययन -नभएकोः/वातावरणीय अध्ययन भए /विस्तृत अध्ययन /

७. आयोजनालाई आवश्यक पर्ने जग्गा उपलब्ध भए-नभएकोः/

आयोजना वन क्षेत्रमा पर्नेनपर/ृनेः -

८. निर्माण गर्नुपर्ने मुख्य संरचनाहरुको विवरणः -
(क)
(ख)

९. विविध विषय/अन्य केही भएः-

छाप-दस्तखतः/

माग गर्ने स्थानीय तहव्यक्तिको/संस्था/